प्रस्ताव प्रमाणित

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत

महेन्द्र कुमार शर्मा

मिति २०८३/०३/०६ गतेको ७०औं नगर कार्यपालिका बैंठकमा पेश भएका प्रस्तावहरूः

तपसिलः

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २. | वार्षिक नीति तथा कार्यक्रम छलफल सम्बन्धमा । | आगामी आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी नगर सभाको अधिवेशनको बैठकमा पारितका लागि पेश गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ३. | राजश्व र व्ययको अनुमान तथा वार्षिक विकास कार्यक्रम स्वीकृत सम्बन्धमा । | आगामी आ.व.२०८३/०८४ का लागि राजश्व र व्ययको अनुमान र वार्षिक विकास कार्यक्रम (बजेट) माथि छलफल गरी नगर सभाको अधिवेशनको बैठकमा पारितका लागि पेश गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ४. | विनियोजन विधेयक, २०८३ सम्बन्धमा । | लेकवेशी नगरपालिकाको विनियोजन विधेयक, २०८३ माथि छलफल गरी नगर सभाको अधिवेशनको बैठकमा पारितका लागि पेश गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ५. | आर्थिक विधेयक, २०८३ सम्बन्धमा। | लेकवेशी नगरपालिकाको आर्थिक विधेयक, २०८३ माथि छलफल गरी नगर सभाको अधिवेशनको बैठकमा पारितका लागि पेश गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ६. | पोषण पार्श्वचित्र सम्बन्धमा । | लेकवेशी नगरपालिकाको पोषण पार्श्वचित्र, २०८२/०८३ माथि छलफल गरी स्वीकृत गर्नुपर्ने । | कृषि विकास शाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८३/०३/०६ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू:

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार तोकिएको समय सीमा भित्र कार्य सम्पन्न भई भुक्तानीका लागि पेश हुन आएका आयोजना र कार्यक्रमहरूको तोकिएको समय भित्रै भुक्तानी कार्य सम्पन्न गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकबाट निर्णय भई पेश भएको आगामी आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल भई १९औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकबाट निर्णय भई पेश भएको आगामी आ.व.२०८३/०८४ को अनुमानित राजश्व र व्ययको अनुमान (बजेट) माथि छलफल भई १९औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस लेकवेशी नगरपालिकाको आगामी आ.व.०८३/०८४ का लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार गरी पेश भएको विनियोजन विधेयक, २०८३ १९औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस लेकवेशी नगरपालिकाको आगामी आ.व.०८३/०८४ का लागि राजश्व परामर्श समितिबाट तयार गरी पेश भएको आर्थिक विधेयक, २०८३ १९औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस लेकवेशी नगरपालिकाको पोषण पार्श्वचित्र, २०८२/०८३ स्वीकृत गरी कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत